सम्पर्क नं.:- ०८६-४२०१८७
Email I'D :- ialdo.pyuthan@gmail.com
Website :- ialdopyuthan.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

## प्यूठान

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२८**

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठानको चालू आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" को अधिनमा रहि तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/फार्म/कम्पनी/समूह/कृषि सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८२/०८/०४ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | कार्यक्रमहरुको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानका सिमा र मापदण्ड | खर्च सिमा | कार्यक्रम सचालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | डेरी तथा मासु पसल सुधार/ निर्माण (दुध र माछा) | • आवश्यक भौतिक पुर्वाधार निर्माण/सुधार, मेसिनरी/औजार/उपकरण, सामग्री खरिद तथा अन्य व्यवस्थापन।<br>• जिउँदो माछाको हकमा कम्तिमा १०० के.जि. क्षमता भएको ट्याङ्क निर्माण सहित आवश्यक अन्य व्यवस्थापन | ➢ फार्म/कम्पनी/समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने<br>➢ डेरी पसल र जिउँदो माछा पसलको हकमा क्रमश: १०० लिटर दुध र ५० के.जि. माछाको कारोवार गरेको हुनुपर्ने<br>➢ भाडामा लिई व्यावसाय गरेको हकमा कम्तिमा ५ वर्षको करारनामा पेश गरेको हुनुपर्ने। | ✓ प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम रु. एक लाख अनुदान दिन सकिने। | जिल्लाभर |
| २ | माछापालनको लागी प्लाष्टिक पोखरी निर्माण | • प्लाष्टिक पोखरीमा पानीको व्यवस्थापन तथा सिँचाईको लागि मोटर खरिद तथा जडान<br>• पोखरीमा प्रयोग गरीने प्लाष्टिक खरिद | ➢ पानीको स्रोतको रुपमा मूल, खोला, कुलो वा नहरको व्यवस्था हुनुपर्ने<br>➢ निर्माण गरीने प्लाष्टिक पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा ठेक्कामा लिएको भएको सम्झौता कम्तिमा ५ वर्षको हुनुपर्ने<br>➢ कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम २०० देखि ५०० वर्ग मिटरको पोखरी निर्माण गरी पिँधमा न्यूनतम १२० र डिलमा २०० Gram Per Square Meter को बहुपत्रीय प्लाष्टिक प्रयोग गर्नुपर्ने<br>➢ पिँधको भागमा बहुपत्रीय प्लाष्टिक माथि कम्तिमा ०.३ मिटर माटो हाल्नुपर्ने<br>➢ पोखरीको गहिराई कम्तिमा १.५ मिटर हुनुपर्ने<br>➢ बहुजातिय कार्प पालन पद्धती अपनाउनु पर्ने<br>➢ २ देखि ३ प्रति वर्ग मिटरका दरले एडभान्स फिङ्गरलिङ्ग स्टकिङ्ग गर्नुपर्ने | ✓ प्रति आयोजना/ अनुदानग्राहि रु. एक लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग<br>✓ पोखरी तथा डिल निर्माणको लागतको कृषक स्वयंले व्यहोर्नु पर्नेछ। | जिल्लाभर |

कार्यालय प्रमुख

सम्पर्क नं.:- ०८६-४२०१८७
Email I'D :- ialdo.pyuthan@gmail.com
Website :- ialdopyuthan.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

## प्यूठान

| क्र. सं. | कार्यक्रमहरुको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानका सिमा र मापदण्ड | खर्च सिमा | कार्यक्रम सचालन हुने स्थान |
|---|---|---|---|---|---|
| ३ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाइ, थोपा सिंचाइ, लिफ्ट सिंचाइ, वोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर लगायतका सिंचाइ सामाग्री खरिद ।<br>• सिचाई कुलो/पोखरी बोरीङ्ग, लिफ्ट सिंचाइ निर्माण तथा सुधार, स्यालो ट्यूवेल जडान । | ➢ फार्म, कम्पनी, कृषक समुह, कृषि सहकारी सहभागी हुन सक्ने ।<br>➢ फार्म, कम्पनी, कृषक समुह, कृषि सहकारी, जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>➢ फार्म कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पाहाडको हकमा ५ रोपनी) र समुदायको हकमा २.५ हे. सिंचित क्षेत्र बिस्तार गर्नुपर्ने छ ।<br>➢ यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिइने छ ।<br>➢ रु ५० हजार भन्दा कम लागतका आयोजना पेश गर्न पाईने छैन । | ✓ तपसिल बमोजिम उल्लेखित रकममा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग<br>✓ फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु ७५ हजार सम्म,<br>✓ कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. १ लाख ५० हजार सम्म, | जिल्लाभर |
| ४. | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामाग्री सहयोग | • प्रशोधन तथा बजारीकरणसंग सम्वन्धी यन्त्र उपकरण तथा सामाग्रीहरु खरिद । | ➢ फार्म, कम्पनी, कृषक समुह, कृषि सहकारी सहभागी हुन सक्ने ।<br>➢ मौरी सहितकोकम्तीमा २० वटा घार मौरीपालन गरेको हुनुपर्ने । | ✓ प्रति अनुदानग्राही कूल लागतको ५० प्रतिशत वा अधिकतम रु. तीस हजार सम्म अनुदान सहयोग गर्न सकिने | जिल्लाभर |

**प्रस्तावना पेश गर्दा चाहिने आवश्यक कागजात**

१. प्रस्तावकको सक्कल निवेदन।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
५. कार्यक्रम सञ्चालनको लागी व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुसार माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० बर्ष वा तोकिएको अवधिको करार पत्र।

पुनश्चः आवश्यक कागजात, कार्यक्रम सञ्चालन कार्यविधि तथा कार्यक्रमको बारेमा थप जानकारी लिनु परेमा यस कार्यालयको वेबसाईट, सम्बन्धित पालिकाको कृषि विकास शाखा तथा पशु सेवा शाखा तथा यस कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ तथा सूचना अधिकारीको मोवाईल नम्बर ९८५७८६८०१२ मा सम्पर्क गर्न सकिने छ। कार्यक्रम सञ्चालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा वा तालुक निकायबाट कुनै किसिमको निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।

विनोद शर्मा
कार्यालय प्रमुख